# परिवर्तन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# पुतलाचौर, रोल्पा

**गाउँपालिकाका प्रवक्ता हरिप्रसाद वुढामगर ज्यू द्धारा प्रस्तुत**

# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

परिवर्तन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा
*२०८३ असार १०*

# बजेट बक्तव्य-२०८३/०८४

***परिवर्तन गाउँपालिकाको २१औ गाउँसभाका आदरणीय अध्यक्ष ज्यू,***
***यस सम्मानित र गरिमामय सदनमा उपस्थित सम्पूर्ण गाउँसभाका सदस्य ज्यू हरु तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु ।***

***आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,***
***गाउँसभाका सदस्यज्यूहरु,***

१) नेपालको संविधानको धारा २३० बमोजिम यस परिवर्तन गाउँपालिकाको गाउँसभा सदस्य एवं उपाध्यक्षको अनुमति अनुसार गाउँसभा सदस्यको हैसियतले यस सम्मानित सभामा आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउदा गौरवको अनुभूति गरेको छु ।

२) यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन वलिदान गर्ने सम्पूर्ण महान शहिदहरु प्रति हार्दिक श्रदाञ्जली अपर्ण गर्दछु । जन आन्दोलन, जनयुद्ध तथा पछिल्लो समय भएको जेन्जि आन्दोदनका घाइते, अपागंता भएका व्यक्ती, वेपत्ता नागरिक, द्वन्द्वपीडित तथा संघीय मुलुक स्थापनार्थ अहम भूमिका निवार्ह गर्नुहुने सम्पुर्ण जनसमुदायप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३) यस सम्मानित गाउँसभा समक्ष गाउँपालिकाको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आर्थिक वर्ष २०८३।०८४ को समग्र नीति तथा कार्यक्रम, चालु सोह्रौं आवधिक योजना, गाउँपालिकाको पाँच वर्षे दोस्रो आवधिक विकास योजना, गाउँपालिकाले निर्माण गरेका विभिन्न रणनीति, प्रचलित ऐन कानुन, मध्यमकालिन खर्च संरचना, दिगो विकासका लक्ष्य तथा गाउँसभाका सदस्य तथा सरोकारवालाबाट प्राप्त सुझावलाई दृष्टिगत गरी आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण गरेको छु । यस बजेट कार्यान्वयनका हिसावले सरल एवं पारदर्शिता तथा सुशासन कायमका सन्दर्भमा अग्रणी दस्तावेज रुपमा रहनेछ भन्ने विश्वास लिएको छु साथै बजेट निर्माणका सन्दर्भमा अतुलनिय योगदान पुर्याउनुहुने सम्पूर्ण महानुभावज्यूहरु प्रति धन्यवाद एवं कृतज्ञता प्रकट गर्दछु ।

४) संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनः संरचना पश्चात संविधानतः गठित स्थानीय सरकारले दोस्रो स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधीहरुको चौथो वर्षको कार्यकाल व्यतित गरिसकेको छ । नेपालको संविधानको अनुसूचि ८ मा रहेको स्थानीय तहको एकल अधिकार सुचि र अनुसूचि ९ मा रहेको साझा अधिकार सूचि भित्र रहेर स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनुरुप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र

समृद्धिको आकांक्षालाई पुरा गर्न परिवर्तन गाउँपालिकाले सामाजिक, भौगोलिक, राजनितिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले संचालन गर्दै आएको कुरा सम्मानित गाउँसभा समक्ष जानकारी गराउन चाहान्छु ।

५) विकास र समृद्धि प्रति नागरिकको चाहानालाई संम्बोधन गर्ने एवं पछाडि परेका वर्ग, लिगं र समुदायलाई प्राथमिकता दिएर बजेट तर्जुमा गरेको जानकारी गराउदछु । हामीले शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि तथा पशु क्षेत्रको विकास, उद्यम प्रवर्द्धन तथा पूर्वाधार विकास, विपद व्यवस्थापन, पर्यटन, सूचना तथा संचार, लैगिंक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा, न्याय तथा मेलमिलाप साथै शिक्षक तथा कर्मचारीहरुको उत्प्रेरणा तथा क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राखि आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

६) राज्यको तीन खम्वे अर्थनीतिलाई आत्मसाथ गर्दै सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता मार्फत परिवर्तन गाउँपालिकाको अर्थतन्त्रलाई सुदृढ बनाउन, स्रोत साधन आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण मार्फत समाजवादउन्मुख अर्थतन्त्रको माध्यमद्धारा **समृद्ध परिवर्तन गाउँपालिका, आत्मनिर्भर र समुन्नत जनता** निर्माणका गर्न आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तय गरेको छु ।

***आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,***
***गाउँसभाका सदस्यज्यूहरु,***

हामी चालु आ.व.२०८२।८३ को बजेट तथा कार्यक्रम लाई सफलता पूर्वक कार्यान्वयनको अन्तिम चरणमा प्रवेश गरेका छौं । बजेट कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पुर्ण परिवर्तनबासी आमाबुवा दाजुभाई तथा दिदिबहिनी, गाउँ सभाका सदस्य ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु तथा राष्ट्रसेवक कर्मचारीहरुमा यस गरिमामय सभा मार्फत हार्दिक आभार व्यक्त गर्दछु । परिवर्तन गाउँपालिकाको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आ.व २०८२/८३ मा परिवर्तन गाउँपालिकाको आन्तरिक आम्दानी सहित संघ तथा प्रदेशबाट प्राप्त हुने रकमको कूल बजेट **५१ करोड ७१ लाख ८ हजार ३ सय १९** रुपैया विनियोजन भएको थियो । जसमध्ये हाल सम्म **४८ करोड २९ लाख ८५ हजार ५ सय ३३** रुपैया निकासा भई सकेको छ भने **३ करोड ४१ लाख २२ हजार ७ सय ८६ रुपैया** निकासा हुन बाँकी छ । संशोधित आन्तरिक आम्दानी **४२ लाख**

प्रक्षेपण गरिएकोमा हाल सम्म **४० लाख ४ सय ५१ रुपैयाँ** संकलन भएको छ । अझैपनि आन्तरिक आम्दानीको लक्ष्य भेटाउन नसकिएको व्यहोरा जानकारी गराउदछु । हाल सम्म संघीय सरकारबाट प्राप्त हुनुपर्ने समानीकरण अनुदान रकम **रु ७६ लाख १८ हजार ५० रुपैयाँ**, नेपाल सरकार शशर्त अनुदान चालु तर्फ युरोपियन यूनियन स्रोत तर्फ **रु १ लाख २ हजार रुपैया**, नेपाल सरकार समपुरक अनुदान पुजिगत तर्फ **रु ६५ लाख**, लुम्बिनी प्रदेश समपुरक अनुदान पुँजिगत तर्फ **रु १८ लाख रुपैया**, राजश्व बाँडफाँड संघिय सरकार तर्फ **रु १ करोड ३४ लाख १३ हजार ३ सय २६ रुपैया** र प्रदेश तर्फ **रु ८ लाख १ हजार रुपैया** निकासा हुन बाँकी रहेको सम्मानित सभा समक्ष जानकारी गराउदछु ।

चालु आर्थिक वर्षमा पुँजिगत तर्फ विनियोजित कुल बजेट **रु १८ करोड १८ लाख ६८ हजार १ सय ४९ रुपैया** मध्ये बाट हाल सम्म **रु ८ करोड ९० लाख ५० हजार ५ सय २१ रुपैया** खर्च भएको छ । अधिकांश पुँजिगत योजनाको निर्माण कार्य सकिएर भुक्तानी लिएतापनि ठुला योजनाको भुक्तानी नभएकाले प्रतिशतमा हेर्दा पुँजिगत खर्च **४८.९६ प्रतिशत** मात्रै देखिन्छ ।
यस्तै चालु तर्फ विनियोजित कुल बजेट **रु ३३ करोड ५२ लाख ४० हजार १ सय ७० रुपैया** मध्येबाट हाल सम्म **रु २२ करोड २८ लाख ८४ हजार १ सय ५७ रुपैया** अर्थात **६६.४८ प्रतिशत** खर्च भएको सम्मानित सभामा जानकारी गराउदछु ।

***आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,***

***अव म परिवर्तन गाउँपालिकाका स्थानीय बासिन्दाको चाहानालाई सम्वोधन गर्न र आर्थिक सामाजिक विकास हासिल गर्न देहायका मुख्य अवसरहरु उपलव्ध भएको जानकारी गराउदछु ।***

***<u>अवसर</u>***

- *कुल क्षेत्रफल करिव २८ प्रतिशत खेतीयोग्य जमिन रहेको र अधिकांश जनसंख्या कृषि पेशामा निर्भर भएको हुँदा कृषी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृषी क्षेत्रको आधुनिकीकरण र व्यवसायिकरण गर्न सकिने सम्भावना रहेको छ ।*
- *करिव ४९ प्रतिशत भन्दा वढि वन क्षेत्र रहेकाले वन पैदावर सम्वन्धि उद्योगको प्रशस्त सम्भावना रहेको देखिन्छ ।*
- *गाउँ क्षेत्रको जनसंख्याको बनोट मिश्रित र समावेशी रहेको छ ।*
- *खनिजको उत्खनन् गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।*
- *सांस्कृतिक तथा धार्मिक पर्यटन तथा युद्ध पर्यटनको अवसर रहेको छ ।*

***आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,***
***गाउँसभाका सदस्यज्यूहरु,***

***अव म अर्थतन्त्र सगं सम्वन्धित प्रमुख चुनौतीहरु राख्ने अनुमति चाहान्छु । गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्ने सिलसिलामा देहायका चुनौतीहरु रहेको व्यहोरा जानरकारी गराँउदछु ।***

<u>चुनौती</u>

- *युवाहरुलाई कृषि पेशातर्फ आकर्षित गर्ने काम भौगोलिक तथा सामाजिक बनोट र कृषि शिक्षाको कमजोरीका कारण असहज हुनु,*
- *स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गरी युवा पलायन रोक्नु,*
- *सिमित स्रोत र साधनको प्रयोगबाट सबै खेतीयोग्य जमिनमा सिचाईको व्यवस्था तथा अन्य आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्न कठिन हुनु,*
- *मानव पुँजि निर्माणका लागि शिक्षा र स्वास्थ्यको गुणस्तर सुधार गर्नुको साथै आर्थिक स्रोत र जनशक्ती उपलव्ध गराउनु,*
- *अन्धविश्वास, कुरिती तथा महिला हिंसाका घटनाहरुमा कमी ल्याई शान्ति सुरक्षा कायम राख्नु,*
- *वर्षेनी आईपर्ने विपदहरुसंग सामाना गर्दै धनजनको नोक्सानी हुनबाट बचाउनु र यी विपदहरुसंग सामना गर्नको निमित्त उचित संयन्त्र निर्माण गर्नु,*
- *सेवा प्रवाह लाइ प्रविधिमैत्री बनाउन सिमित स्रोत साधन लाइ व्यवस्थापन गरि दीगो र भरपर्दो प्रविधिको विकास गर्नु*
- *गाउँपालिकाले दिने सेवा तथा अन्य कार्यहरुलाई अझ सरल र सहज बनाई सरकारी सेवा जनमैत्री बनाउनु तथा विकासका आयोजनाहरु समयमानै सम्पन्न नहुने प्रवृत्तिको अन्त्य गर्नु,*
- *अवैज्ञानिक तथा जथाभावी सडक विकासले वातावरणीय जोखिम बढ्दै जानु ।*

***आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,***
***गाउँसभाका सदस्यज्यूहरु,***

नेपाल सरकारले १६ औं योजनाको आधारपत्र मार्फत वि.स २१०० को लागि लिएको दिर्घकालीन सोच "**समृद्ध नेपाल सुखी नेपाली"** र लुम्बिनी प्रदेश सरकारले लिएको दीर्घकालिन सौँच "**समृद्ध लुम्बिनीः खुसी नागरीक"** रहेको छ । संघीय सरकार र प्रदेश सरकारले लिएको दीर्घकालिन सौँच तथा त्यसको मर्मलाई आत्मसाथ गर्दै परिवर्तन गाउँपालिकाले आफ्नो भौगोलिक अवस्थिती, आर्थिक एवं सामाजिक अवस्था,सांस्कृतिक विविधता, प्राकृतिक स्रोत तथा सम्पदा लगायत स्थानीयहरुको आशा अपेक्षालाई सम्वोधन हुने गरी दीर्घकालीन सोच तयार गरेको छ ।

**"कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, प्राकृतिक स्रोत र पूर्वाधार : समृद्ध परिवर्तनको बलियो आधार"**

यहि दीर्घकालिन सोचका आधारमा आगामी आर्थिक वर्षको बजेट, बजेटका उदेश्य, बजेटको प्राथमिता, वार्षिक नीति तथा कार्यक्रम तय गरिएको सम्मानित सभामा जानकारी गराउदछु ।

***आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,***
***गाउँसभाका सदस्यज्यूहरु,***

***अब म आगामी आर्थिक बर्ष २०८३/०८४ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न गइरहेको छु ।***

***आर्थिक बर्ष २०८३/०८४ को बजेटका उदेश्यहरु :***

- सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास एवं सुशासन प्रवर्द्धन गरी "समृद्धि, सुरक्षित, सामाजिक न्याय र सुशासन युक्त परिवर्तन गाउँपालिका भन्ने मूलनारालाई साकार पार्न योगदान गर्नु ।
- उपलब्ध साधन, स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गर्दै गाउँपालिका बासीको आवश्यक्ता परिपूर्ति गरी समृद्धि हासिल गर्नु ।
- शिक्षा स्वास्थ्यलाई उच्च प्राथमिकता दिई आम नागरिकको सहज पहँच वृद्धि गर्दै गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्नु,
- नागरिकहरुलाई उद्यमशिलता र व्यावसायिकता तर्फ आकर्षित गरी दीगो आर्थिक बृद्धि हासिल गर्नु ।
- सार्वजनिक सेवा प्रवाहमा नागरिक पँहुच अभिवृद्धि गर्दै सेवा प्रवाहको सवलिकरण गरी सुशासन कायम गर्नु ।
- कृषि तथा पशु क्षेत्रमा यान्त्रिकीकरण र व्यवसायिकीकरणको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषि तथा पशु क्षेत्रको प्रवर्द्धन गर्नु ।
- रोजगारी सिर्जना र आय आर्जनका माध्यमबाट नागरिकको जीवनस्तरमा सुधार ल्याउनु ।

**बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु :**

- सुशासन, सार्वजनिक सेवा प्रवाह र मानव संशाधन विकास गर्ने,
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

- ❖ उद्यमशीलताको विकास, रोजगारी सिर्जना, जनताको जीवन स्तर वृद्धि र गरिवी न्युनीकरण गर्ने,
- ❖ कृषि विकासका लागी स्थानीय तथा रैथाने वाली प्रवर्द्धन गर्ने,
- ❖ स्थानीय सहभागिता जुट्ने, स्वयंसेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने र लागत को अनुपातमा उचित प्रतिफल प्राप्त गर्ने,
- ❖ स्थानीय स्रोत साधन,श्रम, सीप र प्रविधिको उपयोग गर्ने,
- ❖ पर्यटन पूर्वाधारको विस्तार तथा सम्पूर्ण पर्यटन क्षेत्रको पुर्नउत्थान र प्रवर्द्धनका आयोजनाहरु संचालन गर्ने,
- ❖ शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा विशेष सुधार गर्ने,
- ❖ महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने,
- ❖ दिगो विकास, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- ❖ भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,
- ❖ आन्तरिक राजस्व वृद्धि र परिचालनमा योगदान पुऱ्याउने,
- ❖ समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने,
- ❖ लैंगिक समानता, लैंगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने
- ❖ संघ र प्रदेश सरकारसँग सौहार्दपूर्ण सम्बन्धको विकास तथा सहकारिता प्रबर्द्धन गर्ने,

***आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,***
***गाउँसभाका सदस्यज्यूहरु,***

***अब म यस गाउँसभा मा आगामी आ.व.०८३।८४ मा हुने अनुमानित आयको विवरण प्रस्तुत गर्न चाहन्छु ।***

आगामी आ. व. २०८३/८४ का लागी संघिय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान **९ करोड**, शर्शत अनुदान चालु तर्फ **१९ करोड २८ लाख**, शशर्त अनुदान पुजिगत तर्फ **५ करोड**, विशेष अनुदान **१ करोड**, समपुरक अनुदान **३ करोड ७२ लाख** र राजश्व बाँडफाँड बापतको **९ करोड ६२ लाख ४९ हजार रुपैया** गरी कुल **४३ करोड १२ लाख, ४९ हजार रुपैया** बजेट प्राप्त भएको छ । यस्तै प्रदेश सरकारबाट समानिकरण अनुदान **५८ लाख ७७ हजार**, राजस्व बाँडफाँड **८९ लाख १ हजार,** समपुरक अनुदान **७५ लाख**, शशर्त अनुदान पुजिगत **६० लाख, शशर्त अनुदान चालु १० लाख विशेष अनुदान २२ लाख** गरी कुल **३ करोड १४ लाख ७८ हजार रुपैया** अनुमानित बजेट प्राप्त भएको छ । यस्तै आ.व. २०८३/८४ मा गाउँपालिकाको आन्तरिक आम्दानी **३६ लाख ५० हजार** हुने प्रक्षेपण गरिएको छ

। संघीय सरकार बाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट र गाउँपालिकाको आन्तरीक आम्दानी गरी आ.व. २०८३/०८४ मा कुल जम्मा बजेट रु **५२ करोड १३ लाख ७७ हजार रुपैया** मात्र अनुमान गरिएको व्यहोरा यस सम्मानित सभामा अवगत गराउन चाहन्छु । आ.व २०८२।०८३ को बजेट बाट खर्च हुन नसकेको रकम माथि उल्लेखित बजेटमा समाबेश नगरिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । आर्थिक बर्षको अन्त्यमा बचत हुन जाने नगद/बैक मौज्दात समेत यसै बजेटको अंश भैजाने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

कुल बजेट **५३ करोड १३ लाख ७७ हजार रुपैया** मध्ये चालु तर्फ **३० करोड २६ लाख रुपैया** अर्थात ५९.९५ प्रतिशत र पुँजिगत तर्फ **२० करोड ८७ लाख ७७ हजार** अर्थात ४०.०४ प्रतिशत बजेट विनियोजन गरेको छ ।

- ❖ गाउँपालिकाकामा प्राप्त संघीय सरकारको राजश्व बाँडफाडको रकम **९ करोड ६२ लाख ४९ हजार रुपैया मात्र**, प्रदेश सरकार बाट प्राप्त राजश्व बाँडफाँडको रकम **८९ लाख १ हजार** गरी कुल जम्मा **१० करोड ५१ लाख ५० हजार रुपैया** बाट गाउँपालिकाको कार्यालय र वडा कार्यालय दैनिक प्रशासनिक खर्च, निःशुल्क शिक्षा कार्यक्रम, कर्मचारी तलव भत्ता, पदाधिकारी सेवा सुविधा, फर्निचर तथा फिक्र्चस, कार्यालय सामाग्री तथा अन्य प्रशासनिक खर्च हुने गरी व्यवस्था मिलाएको छु ।

- ❖ गाउँपालिकामा संघीय सरकारबाट शर्शत अनुदान बापत प्राप्त चालु खर्च **१९ करोड २८ लाख** र पुँजिगत खर्च **५ करोड रुपैया** संघबाट नै निर्धारित शशर्त प्रकृतिका कार्यक्रमका लागी खर्च गर्ने व्यवस्था मिलाएको छु ।

- ❖ संघीय सरकाबाट प्राप्त विशेष अनुदान वापतको रकम **रु १ करोड** लाई **टहगैरी टङलाङ लिफ्ट खानेपानी आयोजना परिवर्तन १** निर्माणका लागि विनियोजन गरेको छु भने प्रदेश सरकारबाट विशेष अनुदानकै रुपमा प्राप्त रकम **रु २२** लाख लाई **श्री नेपाल राष्ट्रिय आधारभुत विध्यालय परिवर्तन ५ कोरल तला थप**का लागि खर्च हुने गरी विनियोजन गरेको छु ।

- ❖ प्रदेश सरकारबाट समपुरक अनुदानका रुपमा प्राप्त **गलकोट कुरेली रिङ साततासे सडक निर्माण** का लागि **रु ७५ लाख रुपैयामा गाउँपालिकाबाट रु ३२ लाख १४ हजार २ सय ८६ रुपैया थप गरी कुल जम्मा रु १ करोड ७ लाख १४ हजार २ सय ८६ रुपैया** खर्च हुने गरि विनियोजन गरेको छु ।

- ❖ संघीय सरकारबाट समपुरक अनुदानका रुपमा प्राप्त **१ करोड २० लाख** रुपैयामा गाउँपालिकाको अनुदान बाट **३० लाख रुपैया थप गरी कुल जम्मा रकम रु १ करोड ५० लाख रुपैया डाँडागाउँ मालेमारे पुतलाचौर मौलावोट जुमाराङ्सी पूर्वि रुकुम सडक निर्माण योजना**का लागी क्रमागत बजेटका रुपमा **विनियोजन गरेको छु । यस्तै** संघिय सरकारबाटै प्राप्त **बागमारा आग्र गाउँडेरा**

**हुँदै जिल्लाधुरी रुकुम पशिचम जोड्ने सडकका** लागि **रु १ करोड ४७ लाख** रुपैयामा परिवर्तन गाउँपालिकाबाट **रु ३६ लाख ७५ हजार** थप गरी कुल जम्मा **रु १ करोड ८३ लाख ७५ हजार** रकम विनियोजन गरेको छु । बागमारा थुनिकोट सडक वडा ३ को लागी संघीय सरकार वाट प्राप्त **रु १ करोड ५ लाख** मा गाउपालिका वाट **रु २६ लाख २५** हजार थप गरी सोही योजनामा खर्च हुने गरि **रु १ करोड ३१ लाख २५ हजार** खर्च हुने गरि व्यवस्था मिलाएको छु ।

- ❖ प्रदेश सरकार बाट शर्शत अनुदान (पुँजिगत) का रुपमा प्राप्त हुने रकम **जनकल्याण मा.वि. त्रिवेणीखोला घेरवार तथा फिल्ड निर्माण** परिवर्तन ५ रोल्पामा **रु ९ लाख**, **वालउत्थान प्रा.वि. जैपा भवन निर्माण परिवर्तन ५** रोल्पामा **रु १८ लाख, लिचवाङ चौर चुन्वाङ खोला चुनवाङखोला तटवन्धन परिवर्तन ५ का लागी रु ८ लाख** वडा नं २ **बाल सुन्दर प्रा.वि सेकम भवन निर्माण**का लागि **रु १७ लाख**, **सिमरी कोचिवाङ तटबन्धन निर्माण** परिवर्तन ४ का लागि **रु ८ लाख**, रकम उल्लेख भए बमोजिमका पुर्वाधार निर्माण सम्बन्धी योजनामा खर्च हुने व्यवस्था मिलाएको छु ।
- ❖ संघीय सरकार वाट शशर्त अनुदान का रुपमा प्राप्त हुने रकम जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन/स्थापनाको लागि **रु ४ लाख**, मकै बीउ उत्पादन कार्यक्रमको लागी **रु ८ लाख**, भैसी प्रवर्द्धन कार्यक्रमको लागी **रु ६ लाख ४० हजार**, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रमको लागी रु ४ लाख सम्वन्धित शिर्षकमा खर्च हुने गरि व्यवस्था मिलाएको छु । त्यसै गरि शिक्षाको व्यवस्थापकीय सुधार गरि शैक्षिक गुणस्तर सुधारको लागी विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयार गरी विद्यालयको संख्या हेरफेरको लागी **रु १५ लाख ४८ हजार** बजेट को व्यवस्था गरेको छु । लघु उद्यम विकास तर्फ प्रविधि हस्तान्तरण, उद्यमिको स्तरोन्नती, नयाँ लघु उद्यमि सिर्जनाको लागी कार्यक्रम निरन्तरताको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु । त्यस्तै संघिय सरका शशर्त अनुदान पुजिगत तर्फ झोलुङ्गे पुल निर्माणको लागी रु **२० लाख**, स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकासको लागी **रु ३० लाख** सम्वन्धित शिर्षकमा खर्च हुने गरि व्यवस्था मिलाएको छु ।
- ❖ अपाङ्गता रोकथाम तथा पुनर्स्थापना साझेदारी कार्यक्रमको लागी रु १० लाख विनियोजन गरेको छु ।
- ❖ वडा कार्यालयका लागी अनिवार्य अनुदान न्यूनतम बजेट **रु १६ लाख** र वडाको भुगोल, जनसंख्या, आन्तरिक राजस्वको अवस्था लाई मुख्य सुचक सहितको सुत्रमा आधारित गरी सबै वडा तर्फ बाट स्थानियको सहभागीतामा छनौट भई आएका योजना लाई प्राथमिकता दिने गरी **रु १ करोड ५० लाख** बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु । जसमध्ये वडा नं १ मा **रु २७ लाख ५९ हजार ८ सय १२** , वडा नं २ मा **रु २७ लाख ८२ हजार ६ सय ५४**, वडा नं ३ मा **रु २२ लाख ५६ हजार ७३**, वडा नं ४ मा **रु २६ लाख ७४ हजार ६ सय ५४**, वडा नं ५ मा **२४ लाख ९३ हजार २ सय १४ रुपैंया** र वडा नं ६ मा **२० लाख ३३ हजार ५ सय ९३** रुपैया विनियोजन गरेको छु ।

❖ परिवर्तन गाउँपालिका अर्न्तगत रहेका विभिन्न विषयगत क्षेत्रको विकास निर्माणका योजना छनौट तथा कार्यान्वयन का लागी विषयगत समिति तर्फ **२ करोड १० लाख** बजेट विनियोजन गरेको छु । जसमध्ये सामाजिक विकास तर्फ **७० लाख**, आर्थिक विकास तर्फ **५५ लाख**, पूर्वाधार विकास तर्फ **६० लाख**, सुशासन तथा संस्थागत विकास तर्फ **१५ लाख** र वन, वातावरण तथा विपद व्यवस्थापन समिति तर्फ **रु १० लाख** बजेट खर्च हुने गरी व्यवस्था गरेको छु ।

❖ पूवार्धार विकास तर्फ विनियोजन गरिएको **रु ६० लाख** रकम बाट सुत्रका आधारमा वडा नं १ मा **रु ११ लाख ४४ हजार ३ सय ४० रुपैया मात्र,** वडा नं २ मा **रु ११ लाख ५७ हजार ३० रुपैया मात्र,** वडा नं ३ मा **रु ८ लाख ६४ हजार ४ सय ८५ रुपैया**, वडा नं ४ मा रु **१० लाख ९७ हजार ३० रुपैया मात्र,** वडा नं ५ मा **रु ९ लाख ९६ हजार २ सय ३० रुपैया मात्र** र वडा नं ६ मा **७ लाख ४० हजार ८ सय ८५ रुपैया** को पूवार्धार निर्माण हुने गरी वजेट व्यवस्था गरेको छु ।

***आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,***
***गाउँसभाका सदस्यज्यूहरु,***

❖ **"स्वस्थ नागरिक शुखि परिवर्तन बासी"** नारा लाइ साकार वनाउन स्वास्थ्य क्षेत्रको गौरवको योजनाको रुपमा रहेको निर्माणाधिन १५ सैया अस्पतालको तत्कालको लगी **रु १ करोड** विनियोजन गरेको छु ।

❖ गाउँपालकिाको गौरवको आयोजनाको रुपमा रहेको वहुउदेश्यीय कवर्ड हल बागमारा निर्माण तथा व्यवस्थापनको लागी रु १० लाख विनियोजन गरेको छु ।

❖ खरीवोट स्वास्थ्य चौकी भवन निर्माण परिवर्तन १ को लागी रु १३ लाख विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाएको छु ।

❖ बगाउने खोला लघु जल विद्युत आयोजना पब्लिक लिमिटेड ग्रिड कनेक्सन परिवर्तन १ को लागी रु २० लाख बजेट विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाएको छु ।

❖ सिजाखोला दवारे सडक निर्माण परिवर्तन ४ रु १० लाख, जलजला युवा क्लवको फुटवल खेल मैदान निर्माण परिवर्तन ४, रु ५ लाख, राहेकाटे पातलेडाँडा सडक घुम्ति सुधार मेशिनरी वाल निर्माण परिवर्तन ४, को लागी रु ७ लाख बजेट विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाएको छु ।

❖ गोलखाडा, तरान सडक मर्मत परिवर्तन १, को लागी रु ९ लाख ५० हजार, दालिम मार्के सडक मर्मत परिवर्तन १, रु ९ लाख ५० हजार त्रिविणिखोला लिउरी धारा सुवाखोला सडक परिवर्तन ५, रु २० लाख, ग्रामझिम निन्माङ सडक परिवर्तन ५, रु १० लाख, जङलाखोला मेशिनरी वाल

निर्माण परिवर्तन २ रु ९ लाख ५० हजार सम्वन्धित शिर्षकमा खर्च हुने गरि व्यवस्था मिलाएको छु ।

- ❖ ग्र्रमभ्किम मण्डली भवन निर्माण परिवर्तन ५ रु १० लाख, सुकिदह युवा क्लवको भवन निर्माण परिवर्तन ६ रु ५ लाख, जनकल्याण मा.वि धानावारा प्रतिक्षालय तथा शौचालय निर्माण परिवर्तन १ रु ५ लाख, खेतखोला खरगाउँ जाखर सडक परिवर्तन २ रु ४ लाख लगाएतको बजेट सम्वन्धित योजनामा खर्च हुने गरि व्यवस्था मिलाएको छु ।

- ❖ पोखरा चैवाङ रिवाङकुना सडक परिवर्तन २ रु १० लाख, राङ्सी पोखरा मण्डली भवन निर्माण परिवर्तन २ रु ५ लाख, सरस्वती आ.वि. तातापानी भवन मर्मत तथा गेट निर्माण परिवर्तन ४ रु ५ लाख सम्वन्धित शिर्षकमा खर्च हुने गरि व्यवस्था मिलाएको छु

- ❖ उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभुति, सीप विकास, उद्यमशिलता प्रवर्द्धन र पुनः एकीकरण सम्वन्धी क्रियाकलाप सञ्चालनमा संघीय सरकार वाट प्राप्त रु १० लाख ४७ हजारमा त्यती नै रकम गाउँपालिका वाट विनियोजन गरी रु २० लाख ९४ हजार खर्च हुने गरि बजेट व्यवस्था मिलाएको छु ।

- ❖ घरघरमा स्वस्थ खानेपानी पुऱ्याउने परिवर्तन गाउपालिकाको लक्ष्य अनुसार राङ्सी स्कीम नं १ खानेपानी योजना निर्माण तथा मर्मत परिवर्तन २ को लागी रु ८ लाख विनियोजन गरेको छु ।

- ❖ भनभने कालेगाडे सडक परिवर्तन २, रु ३ लाख, गोपालखोला सडक मेशिनरी वाल निर्माण परिवर्तन २, रु ५ लाख, सम्वन्धित शिर्षकमा खर्च हुने गरि व्यवस्था मिलाएको छु ।

- ❖ म स्वस्थ्य- मेरो समुदाय स्वास्थ्य भन्ने अभियान सहित घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालनका लागि ४ लाख ६० हजार बजेटको व्यवस्था गरेको छु । साथै नागरिक आरोग्य सेवा केन्द्र संचालनका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

- ❖ गाउँपालिकाको आफ्नै एम्वुलेन्स खरिद गरि गर्भवति प्रेषण तथा गरिव परिवारका विरामीलाइ निशुल्क सेवा प्रदान गर्ने गरि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

- ❖ सार्वजनिक व्यवस्थापनमा विकसित भएको मान्यता सार्वजनिक सेवा अनुसार **"सेवाको वरिपरि नागरिक हैन नागरिकको वरिपरि सेवा"** भन्ने नारालाइ सार्थक रुप दिन एकिकृत घुम्ती सेवा शिविरको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

❖ **"पढुवा नै अगुवा"** भन्ने परिवर्तन गाउँपालिकाको नीति अनुसार शैक्षिक मेला, विज्ञान प्रतिभा पहिचान, सामुदायिक तथा सस्थागत विद्यालय वाट विद्यार्थि समावेस हुने गरि हाजिरीजवाफ, हिज्जे, वादविवाद, निवन्ध जस्ता प्रतियोगितात्मक कार्यक्रम सञ्चालनको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

❖ **"हिंसा मुक्त पालिका हाम्रो पहिचान"** भन्ने मान्यतालाइ आत्मसाथ गर्दै लैङ्गीक हिंसा निवारण कोष सञ्चालन, व्यवस्थापन र उक्त कोषलाइ अझ व्यवस्थित ढंगले परिचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

❖ लक्षित समुहको कार्यक्रम सञ्चालनको लागी रु २५ लाख विनियोजन गरेको छु । उक्त रकम गाउँपालिकाको लक्षित समुहको सवलिकरण, शशक्तिकरण र प्रवलिकरण गरि राज्यको मुल धारमा ल्याउनकोलागी खर्च गर्ने गरि व्यवस्था मिलाएको छु ।

❖ **"वालविवाहको अन्त्य, फजुल खर्च न्यून"** भन्ने संस्कारको विकास गर्न प्रत्येक वडाको पहलमा विपन्न लाइ विवाहमा आर्थिक सहयोग गर्न कार्यविधि वनाइ कार्यान्वयनको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

❖ लैंगिक समता कायम गर्न "छोरी समृद्धि" कार्यक्रमको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

❖ नागरिकको नैसर्गिक अधिकारको रुपमा रहेको आवास सुविधा लाइ अधिकारकै रुपमा प्रत्याभुति दिन घरवार विहिन लाइ आवास व्यवस्थापन कार्यक्रम क्रमागत रुपमा सञ्चालन हुने गरि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

❖ विकास निर्माणमा जनताको श्रमलाई अनिवार्य जोड्ने गरी "**आफ्नो गाउँ आफै बनाऊ"** भन्ने नारा सहित जनताको चाहाना र कामलाई मुल्याकंन गरी नमुना गाउँ अभियान सञ्चालन कार्यक्रमलाइ निरन्तरता दिइने गरी रु १५ लाख बजेट विनियोजन गरेको छु ।

❖ गाउँपालिकाको गौरव र दिगो विकास लक्ष्यका रुपमा जोडिएको पूर्ण सरसफाई अभियानलाई थप परिमार्जन र समिक्षा गरी "**तीन स"** अर्थात **"सफा मानिस, सफा घर आगन र सफा वातावरण"** कारुपमा आत्मसाथ गर्दै प्रभावकारी ढंगले क्रमागत रुपमा अगाडि वढाउन रु ९ लाख ४० हजार बजेटको व्यवस्था गरेको छु ।

❖ रोजगारी सिर्जना र आर्थिक समृद्धि हासिल गर्नका निमित्त स्थानीय रैथाने वाली पकेट कार्यक्रम र उन्नत तथा रैथाने जातका बाख्रा वितरण कार्यक्रमको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

- परिवर्तन गाउँपालकिाको कार्यालय र उपोभोक्ताको आवश्यकता सँगै खेर गैरहेको विद्युत लाइ विकी वितरण गर्ने व्यवस्था मिलाउन साँगुराखोला लघु जलविद्युत र केन्द्रिय विद्युतलाई नेट मिटरिङ गर्ने कार्य आउदो आर्थिक वर्षमा पुर्णता पाउने गरी आवश्यक बजेट विनियोजन गरेको छु ।

- बढ्दो बजारीकरण संगै बढेको फोहोर व्यवस्थापनको चुनौतीलाई मध्यनजर गर्दै डम्पिङ साईड निर्माणका लागि अध्ययन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- कृषिक हरुको क्षमता वृद्धी गरि कृषी पेशा लाइ व्यवसायिक र आधुनिक वनाउन व्यवसायिक कृषकको क्षमता अभिवृद्धि कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । किसान सुचिकरण कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

- गाउँपालिकाको आन्तरिक श्रोतलाइ बृद्धि गर्न ढुङ्गा, गिट्टी, वालुवा संकलन तथा निकासीको लागी **प्रारम्भिक वातावरणिय परिक्षण** गर्न आवश्यक व्यबस्था मिलाएको छु ।

- परिवर्तन गाउँपालिका क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास तथा पर्यटकिय स्थलहरुको प्रचार र प्रवर्द्धन गर्न गाउँपालिका प्रवेश नाकाहरुमा गाउँपालिकाको पहिचान सहितको होडिङ वोर्ड निर्माणको लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।

- स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई थप व्यवस्थित र गुणस्तरिय बनाउन जनशक्ति क्षमता विकास र औषधी उपकरण को व्यवस्था लगाएतका कार्यका लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।

- खेलकुद मानव स्वास्थ्यका लागी महत्वपुर्ण कुरा हो । गाउँपालिकामा संचालन हुने गाउँपालिका राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागी रु १२ लाख बजेटको व्यवस्था गरेको छु ।

- युवाहरुको क्षमता विकास तथा उद्यमशिलता विकासका लागि आवश्यक तालिम प्रदान गर्न बजेटको व्यवस्था गरेको छु ।

- गाउँपालिकाले संचालन गरेका कक्षा ५ र ८ को परिक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थिलाइ पुरष्कार कार्यक्रम लाइ निरन्तरता दिदै थप व्यवस्थित तरिकाले आगामी आ. ब. देखि एसइइ र कक्षा १२ को अन्तिम परिक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थि तथा विद्यालय लाइ समेत पुरष्कृत गर्ने गरि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

❖ शिक्षक सेवा लोक सेवा नेपाली सेना पुलिस लगाएत सरकारी सेवामा प्रवेश गर्ने परिवर्तन वासीलाइ परिवर्तन को गहनाको रुपमा सम्मान गर्ने कार्यक्रमको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

❖ जनताको चासो, गुनासो र आवश्यकता लाइ नजिक वाट महसुस गर्न उपाध्यक्ष संग शहिद परिवार, वेपता परिवार, घाइते परिवार र अपाङ्ग परिवार भेटघाट कार्यक्रम संचालनका लागी उचित बजेट व्यवस्था मिलाएको छु ।

***आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,***
***गाउँसभाका सदस्यज्यूहरु,***

❖ शैक्षिक गुणस्तर एवं व्यवस्थापकीय पक्षमा सुधार गर्न विगत देखि नै गाउँपालिकाले शिक्षाको क्षेत्रमा थुप्रै प्रयास र कार्यहरु गर्दै आएको कुरा यहाँहरुसमक्ष स्मरण गराउन चाहन्छु । गाउँपालिकाले लिएको नीति तथा कार्यक्रम अनुरुप पालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने वालवालिकाहरुको लागी नेपालको संविधानले व्यवस्था गरेको शिक्षा सम्वन्धि मौलिक हकलाई कार्यान्वयन गर्न **निशुल्क शिक्षा** संचालन गर्ने गरी आवश्यक बजेट विनियोजन गरेको छु । यसले शैक्षिक गुणस्तर वृद्धि गर्नुका साथै विद्यार्थी र अभिभावकमा स्थानीय सरकारको आभाष वोध गराउने विश्वास लिएको छु ।

❖ वढ्दो महंगीमा राष्ट्रसेवक शिक्षक कर्मचारीको मनोवल लाइ उच्च राखी पेशा प्रति उत्प्रेरित वनाउन आउदो आर्थिक वर्षमा गाउँपालिकाको राजश्व वाँडफाँड वाट तलव भत्ता पाउने सम्पुर्ण राष्ट्रसेवक शिक्षक कर्मचारीको तलवमा रु २ हजारले वृद्धि हुने गरि आवश्यक बजेट विनियोजन गरेको छु । साथै पोशाक भत्ता र चाडपर्व खर्च वापत पाउने रकम पनि सम्पुर्ण राष्ट्रसेवक शिक्षक तथा कर्मचारीले पाउने गरि बजेट विनियोजन गरेको छु ।

❖ गाउँपालिका मा कार्यरत स्थायी राष्ट्रसेवक कर्मचारीहरुको तलव भत्ताको हकमा आ.ब. २०८३/०८४ का लागी नेपाल सरकारले पेश गरेको बजेट बक्तव्य बमोजिम हुने गरि बजेट विनियोजन गरेको छु ।

❖ परिवर्तन गाउँपालिका भित्र रहेका ऐतिहासिक, सांस्कृतीक, भौगोलिक, आर्थिक तथा सामाजिक पक्षलाई पठनपाठन संग आवद्ध गर्नका लागी आधारभूत तह कक्षा १ देखि ५ मा स्थानीय पाठ्यक्रम लागु भैसकेको र आगामी आर्थिक वर्षमा कक्ष ६, ७ र ८ मा लागु हुने गरी

स्थानीय पाठ्यक्रममा आधारीत भएर पाठ्यपुस्तक निर्माण गरी विद्यालयमा वितर गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

❖ गाउँपालिकामा कार्यरत शिक्षक कर्मचारीको क्षमता बृद्धी गरी शैक्षिक गुणस्तर बृद्धी गर्न शिक्षक कर्मचारी लाइ विभिन्न तालिम संचालनको लागी आवश्यक वजेटको व्यवस्था गरेको छु ।

❖ गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन प्रणालीलाइ प्रभावकारी वनाइ कार्यदक्षता तथा कार्यक्षमतालाइ सेवा सुविधा प्रणालीमा आवद्ध गर्न गाउँपालिका अन्तरगतका सम्पुरर्ण सरकारी कार्यालयमा डिजिटल हाजिरी तथा सि.सि.क्यामेरा जडान गर्ने गरि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

❖ जनप्रतिनिधीहरु तथा गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत स्थायी, अस्थायी तथा करार कर्मचारी को क्षमता विकासका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु । प्राविधिक कर्मचारीहरुको लागि उपलव्ध गराउदै आएको फिल्ड भत्तालाई निरन्तरता दिएको छु ।

❖ सुरक्षित नागरिक आप्रवासन (सामी) कार्यक्रम लाइ थप व्यवस्थित र प्रभावकारी वनाउन संघिय सरकारको साझेदारीमा संचालन हुनेगरी बजेटको व्यवस्थापन गरेको छु ।

❖ स्थानीय कृषि उत्पादनलाई बजारको पहुँचमा पुर्याउनका लागि गाउँपालिकाले आफ्नै जेसिवि मेसिन माफर्त गाउँपालिकाको विभिन्न सडकहरु मर्मत/ सम्भार कार्य गर्ने गरी आवश्यक बजेट विनियोजन गरेको छु ।

❖ दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिकावासीहरु मध्येबाट विज्ञान,गणित तथा अंग्रेजी विषयमा स्नातक र स्नातकोत्तर साथै कृषी र पशु तर्फ स्नातक र स्वास्थ्य तर्फ एमविविएस अध्ययन गर्नको लागि उक्त कार्यक्रमको प्रगति अवस्था समिक्षा गरी विद्यार्थीहरुलाई छात्रवृत्ति दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

❖ आर्थिक रुपले विपन्न जेष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बालबालिका, दलित, आदिवासी/जनजाति, लोपोन्मुख र सीमान्तकृत समुदायको संरक्षण तथा लक्षित वर्गमुखी कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था गरेको छु । .

❖ परिवर्तन गाउँपालिकाको गतिविधिलाई संचार क्षेत्रसंग जोड्नका लागी रेडियो तथा पत्रपत्रिका संगको सहकार्यलाई अगाडि बढाउदै रेडियो कार्यक्रम परिवर्तन संवाहकको कार्यक्रमको स्वरुप

र ढाँचामा परिवर्तन गरी रेडियो कार्यक्रम प्रशारणलाई निरन्तरता दिएको छ। साथै संचारमैत्री पालिका निर्माणका लागी उचित प्रवन्ध मिलाउने व्यवस्था गरेको छ।

- ❖ परिवर्तन गाउँपालिका भित्र रहेका ऐतिहासि तथा पर्यटकिय दृष्टिकोणले सम्भावित स्थल तथा सांस्कृतिक पहिचान बोकेका संस्कृतीहरुको पहिचान गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रवर्द्धन हुने गरी भिडियो डकुमेन्ट्रि निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ।

- ❖ गाउँपालिकाले आफ्नो चिनारीको रुपमा छुट्टै गाउँपालिकाको पहिचान झल्किने गरी लोगो निर्माण गर्नका निमित्त आवश्यक रकम विनियोजन गरेको छ।

***आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,***
***गाउँसभाका सदस्यज्यूहरु,***

यस बजेट तथा कार्यक्रममा समाबेश गरिएका प्रस्तावित चालु प्रशासनिक तथा कार्य संचालन खर्च र क्षेत्रगत सिमा अनुसार विनियोजित सम्पुर्ण चालु तथा पुजींगत आय व्ययको विस्तृत विवरण संलग्न अनुसुची अनुसार रहेको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

***धन्यवाद।***